प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

# किवी बगानमा थांक्रा व्यवस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

**प्रस्तावना:** किवीफल उदाउदो फलको रुपमा साथै उच्च मूल्यमा बिक्री हुने फलको रुपमा पहिचान भइरहेको साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा यसको राम्रो माग हुनुका साथै यस प्रदेशका विभिन्न जिल्लामा यसको व्यवसायिक खेतीका लागी सुहाउदो हावापानी भएकाले कृषकको किवी खेतीमा आकर्षण बढ्नुका साथै व्यवसायिक खेतीबाट आय आर्जन बढाउने श्रोतको रुपमा किवी स्थापित भईरहेको छ । किवी बगान व्यवस्थापनमा सवैभन्दा महत्वपुर्ण तथा खर्चिलो हुने थांक्रा व्यवस्थापनमा कृषकले जोड दिन नसकेको अवस्थामा किवीको बगान व्यवस्थापन नभई न्यून गुणस्तरका किवी उत्पादन भएकाले किवीको गुणस्तरमा बृद्धि गरी आयात प्रतिस्थापन गर्दै उच्च मूल्यमा फल वेचबिखन गरी कृषकको आय आर्जनमा बृद्धि गर्नको लागि प्रदेश सरकार, प्रदेश नं. तीन, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यो कार्यविधिको नाम **"किवी बगानमा थांक्रा व्यवस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६"** रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) **"थांक्रा"** भन्नाले दफा ५ को उपदफा (५) अनुसार न्यूनतमा मापदण्ड पुगेको किवी बगानमा प्रयोग हुने सिमेन्टेड पोल सम्झनु पर्छ।

(ख) **"निर्देशनालय"** भन्नाले मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालय सम्झनु पर्छ ।

(ग) **" प्रदेश "** भन्नाले प्रदेश नम्वर तीन सम्झनु पर्छ ।

(घ) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

(ङ) **"मूल्याङ्कन समिति"** भन्नाले दफा ६ अनुसार गठित समितिलाई सम्झनु पर्छ ।

(च) **"साझेदार"** भन्नाले अनुदानमा किवी बगानमा थांक्रा लिन ईच्छुक कृषक समूह, कृषि सहकारी, कृषि फर्म, कृषि उद्यमी, कृषि कम्पनिलाई सम्झनु पर्छ ।

(छ) **"स्थानीय तह"** भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्छ ।

(ज) "ज्ञान केन्द्र" भन्नाले निर्देशनालय मातहतका कृषि ज्ञान केन्द्रलाइ सम्झनु पर्छ ।

३. उद्देश्य: यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ:-

(क) किवी खेती भएका स्थानमा बगान व्यवस्थापनमा सहयोग गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,



मा. दावा दोर्जे लामा
मन्त्री

(ख) किवी फलको व्यवस्थापनमा सहजिकरण गरी गुणस्तरिय उत्पादन मार्फत आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने ।

## परिच्छेद -२
## कार्यक्रम सञ्चालन विधि

४. **कार्यविधि लागू हुने क्षेत्र:** यो कार्यविधि प्रदेश नं. ३ अन्तर्गतका जिल्लाहरुमा लागू हुनेछ।

५. **निवेदन माग तथा कार्यक्रम सञ्चालन:** (१) यस कार्यविधि बमोजिम किवी बगानमा थांक्रा व्यवस्थापन गर्न चाहने साझेदार (कृषक समूह, कृषि सहकारी, कृषि फर्म, कृषि उद्यमी, कृषि कम्पनी) का लागि निवेदन दिन तीस दिनको म्याद दिई निर्देशनालयले अनुसूची -१ बमोजिम राष्ट्रिय/स्थानीय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरी निवेदन माग गर्नेछ।

(२) अनुदान सहयोग लिन चाहने साझेदारले अनुसूची -२ बमोजिमको निवेदन र सोही अनुसूचीमा माग गरेको कागजात, अनुसूची -३ अनुसारको फारम सम्बन्धित ज्ञान केन्द्रमा दर्ता गर्नु पर्नेछ ।

(३) स्वीकृत वार्षिक कार्यक्रम र बजेटको परिधि भित्र रही निर्देशनालयले सम्बन्धित ज्ञान केन्द्रलाई लक्ष्य निर्धारण र बजेट बाँडफाँड गरी पठाउनु पर्नेछ ।

(४) अनुदान सहयोग लिन चाहने साझेदारको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछः-

(क) कम्तिमा ५ रोपनीमा किवी खेती गरेको हुनुपर्नेछ,

(ख) थांक्रामा फलामे रड तथा ग्याल्भनाईज तार आफ्नै खर्चमा राख्ने प्रतिबद्धता पेश गरेको हुनु पर्नेछ,

(ग) थाक्रा व्यवस्थापनमा प्रदान गर्ने अनुदान रकम बाहेक अन्य खर्च साझेदारले व्यहोर्नु पर्नेछ ।

(५) किवी बगानमा लाग्ने थांक्राको न्यूनतम मापदण्ड देहाय बमोजिम हुनेछः-

(क) थांक्रा सिमेन्टेड पोल वा PSC (Pre-Stressed Concrete) पोल हुनु पर्नेछ,

(ख) थांक्रा बनाउदा सिमेन्ट, वालुवा र कन्क्रिटको अनुपात न्यूनतम १:१.५:३ को हुनु पर्नेछ,

(ग) थांक्राको उचाइ न्यूनतम ८ फिट हुनु पर्नेछ,

(घ) थांक्राको मोटाई/गोलाई न्युनतम ४ * ४ ईन्चको हुनु पर्नेछ।

६. **मूल्याङ्कन समिति:** (१) किवी बगानमा थांक्रा व्यवस्थापन कार्यक्रमका लागि साझेदार छनौट तथा ज्ञान केन्द्रमा सिफारिश गर्न देहाय बमोजिमको मूल्याङ्कन समिति रहने छः-

(क) प्रमुख वा निजले तोकेको अधिकृत, ज्ञान केन्द्र — संयोजक

(ख) बागवानी विकास अधिकृत, ज्ञान केन्द्र — सदस्य



मा. दावा दोर्जे लामा
मन्त्री

(ग) अधिकृत प्रतिनिधि, निर्देशनालय — सदस्य
(घ) प्रमुख, आर्थिक प्रशासन शाखा, ज्ञान केन्द्र — सदस्य
(ङ) प्रमुख, खरिद ईकाइ, ज्ञान केन्द्र — सदस्य-सचिव

(२) समितिले आवश्यकता अनुसार बढीमा २ (दुई) जना विषय विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने छ।

(३) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले आवश्यकता अनुसार मूल्याङ्कन तथा अन्य मापदण्डहरु तयार गरी स्वीकृतिका लागि ज्ञान केन्द्रमा पेश गर्ने,

(ख) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु तोकिएको मापदण्ड बमोजिम मूल्याङ्कन गरी स्वीकृतिका लागि ज्ञान केन्द्रमा पेश गर्ने ।

७. **सम्झौताः** (१) प्रस्ताव स्वीकृत भएका साझेदारले जानकारी प्राप्त गरेको पन्ध्र दिनभित्र ज्ञान केन्द्रले अनुसुची -४ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समय सीमा भित्र सम्झौता गर्न नआएमा क्रमश दोस्रो र तेस्रो प्राथमिकतामा रहेका साझेदारसँग सम्झौता गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम सम्झौता गर्न नआएमा वा रितपूर्वक कुनै पनि प्रस्ताव पर्न नआएमा पन्ध्र दिनको म्याद दिई पुन: सूचना प्रकाशन गर्नु पर्नेछ ।

८. **भुक्तानी प्रक्रिया** : (१) अनुदान रकम भुक्तानी लिन साझेदारले अनुदान सहित स्वलगानीतर्फको रकम खर्च भएको सक्कल बील (PAN/VAT) भरपाई, कार्य प्रगति विवरण, फोटो तथा अन्य आवश्यक कागजातहरु ज्ञान केन्द्रमा पेश गर्नुपर्नेछ । यसरी पेश भएको विवरण र कागजातको आधारमा ज्ञान केन्द्रको प्राविधिकको वा सम्वन्धित स्थानिय तहको अनुगमन प्रतिवेदन तथा सिफारिस आधारमा ज्ञान केन्द्रले साझेदारलाई अनुदान रकम भुक्तानी दिनेछ।

(२) साझेदारले व्यहोर्ने पर्ने रकम अन्य कुनै/संघ संस्था/स्थानिय तह/ निकायबाट आंशिक वा पुरै व्यवस्था गर्न सकिनेछ ।

९. **विशेष प्राथमिकता** : (१) जमिनको चक्लाबन्दी गरी सामूहिक खेती/ठूलो क्षेत्रमा खेती र पिछडिएको क्षेत्र तथा समुदायलाई विशेष प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघीय र स्थानीय तहहरुद्वारा सञ्चालित कार्यक्रम तथा आयोजनाहरुसँग समन्वय गरी तादाम्यता कायम गर्दै दोहोरोपना नहुने गरी एकिकृत रुपमा सञ्चालन गरिनेछ ।



मा. दावा दोर्जे लामा
मन्त्री

(३) महिला कृषक, जनजाति तथा दलित समुदाय रहेको समूह/सहकारीलाई प्राथामिकता दिइनेछ ।

१०. **अनुगमन तथा मूल्याङ्कनः** (१) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन निर्देशनालय तथा ज्ञान केन्द्रले गर्नेछ । साथै आवश्यकता अनुसार मन्त्रालयले गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम गरिएको अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन ज्ञान केन्द्र तथा निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद -३
## आर्थिक पक्ष

११. **कार्यक्रम संचालनको आर्थिक पक्षः** (१) स्वीकृत वार्षिक कार्यक्रमा बजेटको व्यवस्था भए बमोजिम किवी बगानको लागी प्रति थाकामा वढीमा रकम रु १०००।– ( एक हजार मात्र) रकम अनुदान उपलव्ध गराइनेछ।

(२) कार्यक्रम बजेटको २(दुई) प्रतिशत कन्टिन्जेन्सी बापत कट्टा गरिनेछ र सो रकम बैठक, अनुगमन, निरिक्षण, इन्धन, आदि कार्यमा खर्च गर्नेछ ।

## परिच्छेद -५
## विविध

१२. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा व्यवस्था भएका विषयहरु यसै कार्यविधि र उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१३. **संशोधनः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

१४. **कारवाहीको व्यवस्थाः** साझेदारले अनुदान दुरुपयोग गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -१

(दफा ५ सँग सम्बन्धित)

## साझेदारको लागि प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः ..........

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३ , हेटौंडा अन्तर्गत कृषि विकास निर्देशनालय को आ.व. ............ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "किवी बगानमा थांक्रा व्यवस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६" किवी बगानको लागी थांक्रा खरिद गर्न प्रदेश नं. ३ का कृषक समूह, कृषि सहकारी, कृषि फर्म, कृषि उद्यमी, कृषि कम्पनीले यो सूचना प्रकाशित भएको ३० दिनभित्र कार्यालय समय भित्र सम्बन्धित कृषि ज्ञान केन्द्रमा अनुसूची -२ अनुसारको निवेदन र सोही अनुसूचीमा माग गरेको कागजात सहित निवेदन साथ प्रस्ताव सम्बन्धित कृषि ज्ञान केन्द्रमा दर्ता गर्नुहुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**पुनश्चः** किवी बगानमा थांक्रा व्यवस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३ को वेवसाईट www.molmac.p3.gov.np वा कृषि विकास निर्देशनालयको वेवसाईटबाट डाउनलोड गर्न सकिनेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची -२
( दफा ५ सँग सम्बन्धित)
<u>निवेदनको फाराम</u>

मिति:

श्रीमान् प्रमुख ज्यू,
कृषि ज्ञान केन्द्र,
....................................... ।

विषय: किवी बगानमा थांका अनुदानमा उपलब्ध गराई पाउँ ।

मलाई/ हामीलाई कृषि क्षेत्रमा उपयोग गर्नका लागि "किवी बगानमा थांका व्यवस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६" अनुसार मिति........................प्रकाशन गरिएको सूचनाको आधारमा उल्लेखित मध्येको आवश्यक परेको किवी बगानको लागी थाका प्रारम्भिक छनौटको फाराममा भरी यो निवेदन पेश गरेका छु / छौ ।

संलग्न कागजातहरु:

१. रु.१०।-को टिकट टाँस गरेको अनुसूची -२ अनुसारको निवेदन,
२. फलफूल सम्बन्धी तालिम लिएको भए सो प्रमाण पत्रको प्रतिलिपि ,
३. संस्था दर्ता / नविकरण, कर चुक्ता, स्थायी लेखा नम्बरको प्रतिलिपी,
४. साझेदारको निर्णय प्रतिलिपि ,
५. साझेदारले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र,
६. अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि,
७. जमिनको लालपूर्जाको प्रतिलिपि घटिमा ५ रोपनी हुनुपर्ने (आवेदककै नाममा भएपनि वा लिजमा लिएको भएपनि),
८. अनुसूची -३ अनुसारको प्रारम्भिक छनौट फारम ।

<u>निवेदक</u>
दस्तखत :
नाम :
ठेगाना:
साक्षेदारको नाम:
छाप:

मा. दावा दोर्जे लामा
मन्त्री

६

## अनुसूची -३

( दफा ५ सम्बन्धित)

**किवी बगानमा थांका अनुदानमा लिन साझेदारले प्रारम्भिक छनौटको लागि भर्ने फारम**

(क) साझेदारको विवरण :

१. संस्थाको नाम:-..........................................अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्र. प. न. ................................. / जारी मिति...........................................

२. दर्ता नं. ........... दर्ता मिति .................... दर्ता निकाय ............................

३. स्थायी ठेगाना :- जिल्ला ..............गाँउ/ नगरपालिका..............वडा नं. ...... टोल...

४. हालको ठेगाना :- जिल्ला ..............गाँउ/ नगरपालिका..............वडा नं. ...... टोल

५. सम्पर्क : मोबाईल नं. ...................... फोन नं. ...................ईमेल ................

६. सम्पर्क व्यक्तिको नाम :- ......................... पद: ................. मोबाईल नं. ........

७. नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वित्तिय संस्थाको नाम : ................................ ठेगाना ...................................... खाता नं. ..............................................

८. साझेदारको PAN No. ..........................................

९. सदस्य संख्या : महिला ........ पुरुष ................. दलित ........... जनजाती .......

१०. लाभान्वित कृषक संख्या : प्रत्यक्ष ........................ अप्रत्यक्ष .....................

११. प्राप्त गर्न चाहेको किवी बगानको लागि थाक्राको विवरण:

| क.स. | किवी विरुवा संख्या | थाक्रा संख्या | मूल्य रु | अनुदान रकम रु |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

१२. बगान क्षेत्रफल तथा उत्पादन परिमाण तथा उपयोग गर्ने क्षेत्र :

| वर्ष | क्षेत्रफल | उत्पादन | विक्रि मुल्य | आम्दानी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

१३. किवी बगानमा लाग्ने थांका अनुदानमा लिन म / हामी छनौट भएमा अनुदान बाहेक नगद तिरी कार्यक्रममा संग्लन हुन सहमत छु / छौं ।



मा. दावा दोर्जे लामा
मन्त्री

माथि पेश गरेको विवरण ठिक साँचो छ , छुठा भएमा कानुनी कार्वाही भएमा राजी छु / छौं । मलाई / हामीलाई त्यस ज्ञान केन्द्रबाट व्यवस्था भए बमोजिमको अनुदानमा उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु / छौं ।

निवेदकको सही :

मिति :

संस्थाको छाप

मा. दावा दोर्जे लामा
मन्त्री

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३, कृषि विकास निर्देशनालय अन्तर्गत
कृषि ज्ञान केन्द्र,.............बाट सञ्चालन हुने चालु आ.व.को किवी बगानमा थांक्रा व्यवस्थापन

अनुसूची -४

( दफा ७ सँग सम्बन्धित)

**सम्झौता-पत्र**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३, कृषि विकास निर्देशनालय अन्तर्गत कृषि ज्ञान केन्द्र,.............बाट सञ्चालन हुने चालु आ.व.को किवी बगानमा थांक्रा व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न मिति.........................मा गरिएको प्रस्ताव आव्हानको सूचना अनुसार पेश हुन आएका प्रस्तावहरु मध्ये श्री ......................................... को प्रस्ताव छनौट भएका हुँदा कृषि ज्ञान केन्द्र,...................... ( यस पछि प्रथम पक्ष भनिने ) र ........................... कृषि समूह/फार्म/कम्पनी/सहकारी (यस पछि दोश्रो पक्ष भनिने) का बीच तपशील अनुसारको कार्यक्रम सञ्चालन गर्न निम्नानुसारका शर्तहरु पालना गर्ने मञ्जुर गर्दै यो सम्झौता गरी १/१ प्रति बुझिलियौं/दियौं ।

**तपशिलः**

१. दोश्रो पक्षले किवी बगानमा लाग्ने थाक्रा खरिद गरी बील भरपाइ दुरुस्त राख्नु पर्नेछ।
२. प्रथम पक्षले किवी बगानमा लाग्ने प्रति थांकामा बढीमा रु १०००।-( एक हजार मात्र) अनुदान रकम उपलब्ध गराउनेछ ।
३. दोश्रो पक्षले चाहेको किवी बगानमा लाग्ने प्रति थाक्राको बाँकी रकम स्वलगानी गर्नुपर्नेछ ।
४. दोश्रो पक्षले प्रत्येक बगानमा थांक्रा लगाए पछि आफू स्पष्ट देखिने गरी फोटो खिचे पछि बील भर्पाइ पेश गर्नु पर्नेछ ।
५. दोश्रो पक्षले सक्कल बील, भरपाई, फोटो प्रथम पक्षलाई पेश गर्नु पर्नेछ ।
६. दोश्रो पक्षले थाक्रा व्यवस्थापन गरेको बगानमा अनुदान झल्कने होर्डिङ्ग बोर्ड राख्नु पर्नेछ ।
७. कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चातको संचालन, व्यवस्थापन, जोखिम र दिगोपनका लागी गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।
८. कार्यक्रम संचालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।
९. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।
१०. सम्झौता अनुरुप काम नगर्ने दोस्रो पक्षलाई कार्यालयले अनुदान रोक्का गर्नेछ ।सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेमा दोस्रो पक्षबाट दश प्रतिशत हर्जना सहित अनुदान रकम असुल उपर गरिनेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

| | |
|---|---|
| **प्रथम पक्षको तर्फबाट:** | **दोश्रो पक्षको तर्फबाट:** |
| हस्ताक्षर: | हस्ताक्षर: |
| नाम: | नाम: |
| पद: | पद: |
| कार्यालयको छाप: | साझेदारको छाप: |

**रोहवर**

| | |
|---|---|
| हस्ताक्षर: | हस्ताक्षर: |
| नाम: | नाम: |
| पद: | पद: |
| कार्यालयको छाप: | साझेदारको छाप: |

इति सम्वत् .............. साल ................ महिना ......... गते रोज ........ शुभम् ।

मा. दावा दोर्जे लामा
मन्त्री